"कृषि, पर्यटन र पूर्वाधारको दीगोपनः समृद्ध, सुसंस्कृत शहिद लखन"

# शहिद लखन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

२०७३

प.सं. २०८०।०८१

चलानी नं. ६०६

गण्डकी प्रदेश, नेपाल

मितिः २०८०।०८।०७

विषयः बैदेशिक रोजगार सन्तती छात्रवृत्तिको निवेदन संकलन गरी पठाउने सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु सबै,
श्री संस्थागत विद्यालयहरु सबै,
शहिद लखन गाउँपालिका क्षेत्र भित्र संचालित ।

प्रस्तुत सम्बन्धमा बैदेशिक रोजगार वोर्डको सचिवालयको च.नं. ४२१, मिति २०८०।०८।०४ गतेको प्राप्त पत्रको छायाँप्रति यसै पत्र साथ संलग्न गरी पठाइएको छ । बैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम बैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शत प्रतिशत अशक्त भएका एवं बैदेशिक रोजगार बोर्डको सचिवालयको कल्याणकारी कोषबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तहाँ विद्यालयमा अध्ययनरत १८ वर्ष मुनिका वालबालिकाहरुलाई उपलब्ध गराउने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका विद्यार्थीहरुलाई सो कार्यक्रम आबद्ध गराउन विद्यार्थीहरुबाट निवेदन संकलन गरी मिति २०८० मंसिर २१ गते सम्म विद्यालयको सिफारिस सहित सक्कल निवेदन यस कार्यालयमा उपलब्ध गराउनुहुन अनुरोध छ ।

बाबुराम मगर
प्रमुख प्रशासकीय अधिकृत

बाबुराम मगर
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री शिक्षा, युवा तथा खेलकुद शाखा (आवश्यक समन्यव एवम् सहजिकरणका लागि)
श्री वडा कार्यालयहरु सबै (आवश्यक समन्वय एवम् सहजिकरणका लागि)

नोटः विद्यार्थीले अनुसूची १ बमोजिमको निवेदन फारम भर्नुपर्नेछ भने विद्यालयले अनुसूची २ बमोजिमको ढाँचामा सिफारिस पठाउनु पर्नेछ ।

